(सहकारी ऐन २०४८ बमोजिम स्थापित) दर्ता नं.: १६९६/०६७/०६८

# क्यापिटल बचत तथा ऋण सहकारी संस्था लि.

# Capital Bachat Tatha Rin Sahakari Sanstha Ltd.

बनेपा–७, काभ्रे

पत्र संख्याः–

चलानी नं.:– मितिः २०७८/०५/१५ गते

श्री शेयर सदस्य ज्यूहरु,

विषयः "एघारौं (११) वार्षिक साधारण सभा" मा अनिवार्य उपस्थित हुने बारे ।

महोदय,

यस संस्थाको मिति २०७८ भाद्र ०५ गते शनिवारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार निम्न विषयहरुमा छलफल गरि निर्णय गर्नको लागि निम्न मिति, स्थान र समयमा यस संस्थाको "**एघारौं वार्षिक साधारण सभा**" हुने भएकाले तँपाई शेयर सदस्यलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

## छलफलका विषयहरुः

१. संचालक समितिको तर्फबाट आ.व.२०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदनहरु प्रस्तुत तथा अनुमोदन गर्ने सम्बन्धमा।
२. संस्थाको आ.व. २०७७/०७८ को आर्थिक प्रतिवेदन (आय–व्यय विवरण) तथा आ.व.२०७८/०७९ अनुमानित बजेट माथि छलफल गरी अनुमोदन गर्ने।
३. आ.व.२०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरि अनुमोदन गर्ने सम्बन्धमा।
४. आ.व.२०७७/०७८ को लेखा तथा सुपरीवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरि अनुमोदन गर्ने।
५. लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा।
६. संस्थाको विनियम साथै आन्तरिक नीतिहरु संशोधन गर्ने सम्बन्धमा।
७. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधीहरु नियुक्ती गर्ने सम्बन्धमा।
८. विविधः

## कार्यक्रमः

(क) कोरोना भाईरस कोभिड १९(तेश्रो लहर) को महामारीको कारणले र सहकारी विभागको निर्देशन बमोजिम तल उल्लेखित मिति २०७८/०५/३१ गते देखि २०७८/०६/०३ गते सम्म उपस्थितीको लागि (सदस्यता नंम्बरको आधारमा) साधारण सभाको उपस्थिती पुस्तिका खुल्ला रहने र सोहि बमोजिम उपस्थित भईदिनहुन अनुरोध छ।

मिति २०७८/०५/३१ गते शेयर सदस्यता नंम्बर ००१ देखि ५०० सम्म।
मिति २०७८/०६/०१ गते शेयर सदस्यता नंम्बर ५०१ देखि १००० सम्म।
मिति २०७८/०६/०२ गते शेयर सदस्यता नंम्बर १००१ देखि १५०० सम्म।
मिति २०७८/०६/०३ गते शेयर सदस्यता नंम्बर १५०१ देखि बाँकी सबै।

**समयः बिहान ११:०० बजे देखि ४:०० बजे सम्म ।**
**स्थानः संस्थाको कार्यालय, बनेपा ७,काभ्रे ।**

(ख) साधारण सभामा स्वयंम् उपस्थित हुने सदस्यलाई मात्र परिवहन खर्च स्वरुप रु.५००/–(अक्षरेपीः पाँच सय रुपैयाँ मात्र) उपलब्ध गराईने छ साथै परिवहन खर्च प्राप्त गर्नको लागि संस्थाले पत्राचार गरेको पत्रको सक्कल प्रति साथमा लिई आउनु पर्नेछ। प्रतिनिधि वा प्रोक्सी मुकरर गरी आएकोलाई मान्यता दिईने छैन।

(ग) साधारण सभामा उपस्थित शेयर सदस्यहरुले भिडभाड नहुने गरि स्वास्थ्य सुरक्षालाई ध्यान दिई अनिवार्य रुपमा मास्क प्रयोग गरि साधारण उपस्थित हुन अनुरोध छ । साधारण सभा सम्बन्धमा कुनै सल्लाह तथा सुझाव राख्नुहुने शेयर सदस्यले सो सल्लाह तथा सुझाव मिति २०७८/०६/०२ गते भित्र संस्थाको कार्यालयमा बुझाई दिनहुन समेत अनुरोध छ।

सञ्चालक समितिको आज्ञाले
(सचिव)
प्रेम बहादुर तामाङ